मिति २०७५।०४।०७

आज मिति २०७५।०४।०७ गतेका दिन विहान ८.०० बजे नेपालको संविधानको धारा २१६ अनुसार गठित इलाम नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक निम्नानुसार बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| का. पा. स., उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | **अनुपस्थित** |
| का. पा. स., वडाध्यक्ष श्री अम्बिका प्रसाद गौतम | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रवीन एक्तेन | **अनुपस्थित** |
| का. पा. स., वडाध्यक्ष श्री लाखमान लिम्बू | **अनुपस्थित** |
| कार्यपालिका सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री सीता रिजाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री सानु दास | दस्तखत |
| कार्यपालिका सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| कार्यपालिका सदस्य श्री सावित्री राई | दस्तखत |
| कार्यपालिका सदस्य श्री पृथसिंह सुनुवार | दस्तखत |
| कार्यपालिका सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा | **अनुपस्थित** |
| सचिव, प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |

**निर्णय नं. १.** इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलामको आ. व. २०७४/०७५ को सम्पूर्ण आर्थिक कारोवारको विवरण देहायानुसार भएको र सो व्यहोरा कार्यालयबाट कार्यालयको website : www.ilammun.gov.np मा मिति २०७५।०४।०१ मा नै आम सरोकारवालाको जानकारीका लागि सार्वजनिक

गरिएकाले पछि विस्तृत विवरण फरक पर्न गएमा फरक परेको व्यहोरासम्म सबूतका आधारमा सच्याउने गरी हाललाई कार्यपालिकामा जानकारी भई सम्पादित सम्पूर्ण खर्चको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

१. आ. व. २०७४/०७५ को लक्षित आय रु. ७१ करोड ९३ लाख २१ हजार रहेकोमा यथार्थ आय रु. ६५ करोड ९९ लाख ८० हजार ४१३ पैसा २७ मात्र ।

२. आ. व. २०७४/०७५ मा पूँजीगततर्फ रु. २३ करोड ८ लाख १७ हजार ५६ र पैसा ६४ तथा चालुतर्फ सामाजिक सुरक्षा भत्ता सहित सशर्त अनुदान समेत रु. ३५ करोड ५५ लाख ४२ हजार ३८५ र पैसा ८३ सहित कूल खर्च रु. ५८ करोड ६३ लाख ५९ हजार ४४२ र पैसा ४७ मात्र ।

३. आ. व. २०७३/०७४ र आ. व. २०७४/०७५ को समेत सामाजिक सुरक्षा भत्ता, सशर्त अनुदानको रकम र जिल्ला समन्वय समितिमा फिर्ता रकम समेत फ्रिज तथा पेश्की वेरुजु रकम राजस्व दाखिला रु. १ करोड ५० लाख ६३ हजार ७३० मात्र ।

४. आ. व. २०७४/०७५ को कूल हिसावमा रिकन्सिलेसन बाट रकम मिलाउनुपर्ने फरक रकम रु. १ लाख ६१ ह्जार पैसा ७८ मात्र ।

उक्त आय व्ययसमेतका आधारमा हाल नगरपालिकाको देहायको विभिन्न खाताहरुमा देहायानुसार रहेको मौजुदा रकममध्ये चालु खर्च खाता, पूँजीगत खर्च खाता र आयोजना व्यवस्थापन कोष खाताको रकम सञ्चित कोष खातामा फिर्ता ल्याई अघिल्लो वर्षको ल्याएको ( अ. ल्या. ) शीर्षकमा आम्दानी बाँधी तेश्रो नगर सभाबाट आ. व. २०७५/०७६ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम तोकिएअनुसार प्रविष्टि गराई आ. व. २०७५/०७६ को कार्यक्रम कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिन निर्णय गरियो ।

१. सञ्चित कोष खाता रु. ३,१४,५०,१९१।९९

२. चालु खर्च खाता रु. २,६०,१७,६१४।१७

३. पूँजीगत खर्च खाता रु. ९,२८,१९४।८६

४. कर्मचारी कल्याण कोष रु. ३३,३९,९१३।२८

५. मर्मत सम्भार कोष रु. ३०,८२,७२४।७३

६. प्रकोप व्यवस्थापन कोष रु. १५,७०,९८७।००

७. वातावरण कोष रु. १२,६४,०४१।५१

८. गरिवी निवारण तथा सामाजिक परिचालन कोष रु. १५,४८,४३६।१२

९. महिला तथा बालबालिका कोष रु. ९,८१,९६६।००

१०. नगर शिक्षा समिति कोष रु. ८,१९०।००

११. धरौटी खाता रु. ६२,५५,२३६।१०

१२. आयोजना व्यवस्थापन कोष खाता रु. ७३, ८८७६७

**निर्णय नं. २.** इलाम नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेका कार्यविधि तथा निर्देशिका अनुसार देहायका समितिहरु गठन गर्न निर्णय गरियो ।

**क. नगर साहित्य, कला तथा संगीत प्रतिष्ठान**

१. श्री टीका घिमिरे अध्यक्ष

२. श्री रोशन कर्माचार्य उपाध्यक्ष

३. श्री दीवाकर भण्डारी सचिव

४. श्री सुरेश पोर्तेल कोषाध्यक्ष

५. श्री सिर्जना श्रेष्ठ सदस्य

६. श्री शारदा उप्रेती सदस्य

७. श्री कमला रिजाल सदस्य

८. श्री सलिना राई सदस्य

९. श्री प्रवीण श्रेष्ठ सदस्य

१०. श्री दीपेश श्रेष्ठ सदस्य

११. श्री प्रज्ज्वल चापागाईं सदस्य

**ख. नगर पर्यटन प्रबर्द्धन समिति**

१. श्री उपेन्द्र बैद्य अध्यक्ष

२. श्री तारा गुरुङ्ग उपाध्यक्ष

३. श्री सुशिला सापकोटा महिला उपाध्यक्ष

४. श्री ज्ञानु दाहाल सचिव

५. श्री उमेशचन्द्र महत कोषाध्यक्ष

६. श्री अञ्जना श्रेष्ठ सदस्य

७. श्री पूर्वी चाम्लिङ्ग सदस्य

८. श्री पविमाया गुरुङ्ग सदस्य

९. श्री कुन्ती बस्नेत सदस्य

१०. श्री सोमनाथ सुनुवार सदस्य

११. श्री सुदर्शन काफ्ले सदस्य

१२. श्री रिना घिमिरे सदस्य

१३. श्री हरि गुरुङ्ग सदस्य

१४. श्री साङ्गेन राई सदस्य

१५. श्री देवेन्द्र शङ्कर सदस्य

१६. श्री चन्द्रमणि भट्टराई सदस्य

१७. श्री दुर्गा राई सदस्य

**ग. नगर दलित समन्वय समिति**

१. श्री मनकुमार बराइली अध्यक्ष

२. श्री मुख्य राजनीतिक दलका प्रतिनिधि ४ जना सदस्य

३. श्री कमल विश्वकर्मा सदस्य

४. श्री सुमन दास सदस्य

५. श्री सन्त धमला सदस्य

६. श्री रविना विशुंखे सदस्य

७. श्री हेम घिमिरे विश्वकर्मा सदस्य

८. श्री कविता विश्वकर्मा सदस्य

**घ. नगर युवा परिषद्**

१. श्री सचिन रायमाझी अध्यक्ष

२. श्री सरोज फागो सदस्य

३. श्री टीकाराम पुरी सदस्य

४. श्री कमल दुलाल सदस्य

५. श्री अन्वेष थुलुङ्ग सदस्य

६. श्री दामोदर रिजाल सदस्य

७. श्री कौशिला राई सदस्य

८. श्री रञ्जिता याक्खा सदस्य

९. श्री रीता राई सदस्य

१०. श्री चन्द्रकला तामाङ्ग सदस्य

११. श्री धनमाया डाँगी सदस्य

१२. श्री प्रश्ना श्रेष्ठ सदस्य

१३. श्री राजेश राई सदस्य

१४. श्री पुण्य घिमिरे सदस्य

१५. श्री गीता बस्नेत सदस्य

१६. श्री सुशील बानियाँ सदस्य

१७. श्री चन्द्र पाठक सदस्य

१८. श्री प्रमोद जवेगू सदस्य

१९. श्री सचिन भक्तराज सदस्य

२०. श्री सुवास न्यौपाने सदस्य

२१. श्री प्रेम के. सी. सदस्य

**ङ. नगर खेलकूद विकास समिति**

१. श्री विनोद श्रेष्ठ अध्यक्ष

२. श्री तीर्थ जवेगू उपाध्यक्ष

३. श्री गणेश खतिवडा सचिव

४. श्री अर्जुन पौडेल कोषाध्यक्ष

५. श्री मनिषा भट्टराई सदस्य

६. श्री सुलोचना भक्तराज सदस्य

७. श्री मनिषा तामाङ्ग सदस्य

८. श्री कुमारी राई सदस्य

९. श्री महेश श्रेष्ठा सदस्य

१०. श्री सुवास राई सदस्य

११. श्री निरोज राउत सदस्य

यसै समितिले विभिन्न खेलको विषयगत नगर समिति र वडास्तरीय समिति गठन गर्न सक्नेछ ।

**निर्णय नं. ३.** इलाम नगरपालिकाको शिक्षा नियमावली, २०७४ को व्यवस्थाअनुसार सम्बन्धित वडा समितिको सिफारिससमेतका आधारमा देहायका विद्यालयहरुमा देहायानुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तोक्न निर्णय गरियो ।

**तपसिल**

१. श्री आदर्श आधारभूत विद्यालय इनपा, ७, श्री राम खत्री

२. श्री जनकल्याण आधारभूत विद्यालय इनपा, ६, श्री पवित्रा कार्की

३. श्री दृपादेवी प्राथमिक विद्यालय इनपा, ६, श्री मुकुन्द कटुवाल

४. श्री देवकोटा प्राथमिक विद्यालय इनपा, ६, श्री भीमबहादुर तामाङ्ग

५. श्री पोखरी प्राथमिक विद्यालय इनपा, ९, श्री बषन्त खड्गी

६. श्री बालमन्दिर प्राथमिक विद्यालय इनपा, ७ श्री सुमन श्रेष्ठ

७. श्री भगवती माध्यमिक विद्यालय इनपा, ९, श्री पुण्यप्रसाद घिमिरे

८. श्री महमाई आधारभूत विद्यालय इनपा, ९, श्री इन्दुमणि खतिवडा

९. श्री महेन्द्रोदय प्राथमिक विद्यालय इनपा, ८, श्री मदन बानिया

१०. श्री विद्या प्राथमिक विद्यालय इनपा, ८, श्री बुद्धिप्रसाद मल्ल श्रेष्ठ

११. श्री सत्यनारायण प्राथमिक विद्यालय इनपा, ६ श्री चेतनाथ भट्टराई

१२. श्री जनकल्याण प्राथमिक विद्यालय इनपा, १०, श्री नवराज खतिवडा

१३. श्री जलकन्या प्राथमिक विद्यालय इनपा, १०, श्री गीता गोले

१४. श्री नयाँनमूना प्राथमिक विद्यालय इनपा, १०, श्री पुण्यप्रसाद बाँस्कोटा

१५. श्री नारायण प्राथमिक विद्यालय इनपा, १०, श्री शंकर पौडेल

१६. श्री पूर्णस्मारक मा. वि. गोदक इनपा, १०,     श्री तेजबहादुर थापा

१७. श्री महामाया प्राथमिक विद्यालय इनपा, १०, श्री कृष्णबहादुर बलम्पाकी

१८. श्री बाल्मीकि सिंहदेवी आधारभूत विद्यालय इनपा, ३, श्री हेमबहादुर गुरुङ्ग

१९. श्री वीणापानी मा. वि. इनपा, ३,     श्री दीपेन्द्र खत्री

२०. श्री शारदा मा. वि. इनपा, ३,     श्री जीवन वान्तवा

२१. श्री सिद्धदेवी प्राथमिक विद्यालय इनपा, ३,   श्री जीतेन्द्र राई

२२. श्री सिद्धार्थ प्राथमिक विद्यालय इनपा, ३,   श्री खगेन्द्र खत्री

२३. श्री सप्तमाई गुरुकूल मा. वि. इनपा, ५   श्री रमेश भट्टराई

२४. श्री एकता प्राथमिक विद्यालय इनपा, ५,   श्री हिमादेवी गौतम

२५. श्री चन्द्रोदय प्राथमिक विद्यालय इनपा, ५,   श्री डिकबहादुर नोगू

२६. श्री दुर्गा प्राथमिक विद्यालय इनपा, ५,   श्री विश्वनाथ भट्टराई

२७. श्री देवी प्राथमिक विद्यालय इनपा, ५,   श्री टीका ढुङ्गेल

२८. श्री बरबोटे आधारभूत विद्यालय इनपा, ५   श्री शेखर ढुङ्गाना

२९. श्री महमाई प्राथमिक विद्यालय, इनपा, ५,   श्री गोविन्द रम्तेल

३०. श्री जनता आधारभूत विद्यालय, इनपा, १,   श्री बुद्धिनाथ लुईटेल

३१. श्री नेपालटार मा. वि. साँखेजुङ्ग, इनपा, १,   श्री पोटनाथ खनाल

३२. श्री अमरज्योति आधारभूत विद्यालय, इनपा, १२, श्री तिलकबहादुर रँर्य

३३. श्री देउराली प्राथमिक विद्यालय, इनपा, १२,   श्री टीका एक्तेन लिम्बू

३४. श्री रत्नलक्ष्मी आधारभूत विद्यालय, इनपा, १२, श्री नवीनकुमार लिङ्दम लिम्बू

३५. श्री साङ्रुम्बा माध्यमिक विद्यालय, इनपा, १२, श्री अर्जुनकुमार तामाङ्ग

३६. श्री जनकल्याण प्रा. वि. इनपा, ११,     श्री गंगाबहादुर बुलुन

३७. श्री जलेश्वरी प्रा. वि. इनपा, ११,     श्री टेकबहादुर भुजेल

३८. श्री दोभान प्रा. वि. इनपा, ११,     श्री गोपाल घिमिरे

३९. श्री बालकन्या मा. वि. इनपा, ११,     श्री तेजबहादुर घोर्साइँ

४०. श्री महेश्वरा आधारभूत विद्यालय इनपा, ११, श्री दिनेश फागो

४१. श्री सिद्धेश्वरी प्रा. वि. इनपा, ११,     श्री धनबहादुर लिम्बू

४२. श्री सिम्ले प्रा. वि. इनपा, ११,     श्री सन्तबहादुर लिम्बू

४३. श्री सिंहदेवी प्रा. वि. इनपा, २,     श्री तेजप्रसाद मिश्र

४४. श्री सिद्धिविनायक प्रा. वि. इनपा, २,     श्री अमृत आले

**<u>निर्णय नं. ४.</u>** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ (२) को विषयवस्तु नछुट्ने गरी इलाम नगरपालिकाका पदाधिकारीहरु तथा कर्मचारीका लागि उपयुक्त आचार संहिता तयार गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले सान्दर्भिक आचार संहिताको मस्यौदा तयार गर्न देहायको आचार संहिता मस्यौदा समिति गठन गर्ने र सो समितिलाई सरोकारवाला सबैले सहयोग गर्ने तथा समितिले आगामी नियमित बैठकबाट आचार संहिता स्वीकृत गर्न अनुकूल हुने गरी मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्न निर्णय गरियो ।

**<u>आचार संहिता मस्यौदा समिति</u>**

| | |
|---|---|
| १. श्री नूतनदेव दुलाल | संयोजक |
| २. श्री ठाकुरनारायण श्रेष्ठ | सदस्य |
| ३. श्री सीता रिजाल | सदस्य |

**<u>निर्णय नं. ५.</u>** इलाम नगरपालिकामा आन्तरिक पूँजी परिचालन र बाह्य लगानी आकर्षित गरी स्थानीय रोजगारी सिर्जना गर्ने तथा नागरिकहरुको आम्दानी अभिबृद्धि गरी समृद्धि हासिल गर्न देहायानुसारको इलाम लगानी प्रबर्द्धन समिति गठन गर्न निर्णय गरियो ।

इलाम लगानी प्रबर्द्धन समिति

| | |
|---|---|
| १. प्रमुख श्री महेश बस्नेत, | संयोजक |
| २. उप प्रमुख श्री सुशिला नेम्वाङ्ग, | सह संयोजक |

३. अध्यक्ष, इलाम उ. वा. संघ, श्री आनन्द कट्टेल, सदस्य

४. संघीय राजधानी काठमाडौमा समन्वय गर्न श्री अर्जुन भट्टराई, सदस्य

५. १ नं. प्रदेश विराटनगर, धरानमा समन्वय गर्न श्री कृष्ण शाह, सदस्य

**<u>निर्णय नं. ६.</u>** इलाम नगरपालिकाका प्रमुखज्यूबाट विभिन्न समयमा गरिएका देहायका संझौताहरु अनुमोदन र कार्यान्वयन हुन निर्णय गरियो ।

क. इलाम नगरपालिका वडा नं. ९ को कि. नं. ७५ मा रहेको १८–०–२–३ घटटीटार खेतका सम्बन्धमा चौहान बन्धु सेवा समाज इनपा, ९ र प्रमुखज्यूवीच मिति २०७४।०४।०४ का दिन नगरपालिकाले उक्त खेतमा चौहान बन्धु खेल मैदान निर्माण गर्ने र सो वापत २०७५।०४।०१ देखि इनपा ९, भञ्ज्याङ्गमा निर्मित मन्दिरमा पूजा अर्चना र पुजारीको सामान्य ज्याला व्यवस्थापन गर्ने कार्यका लागि नगरपालिकाले समाजलाई मासिक रु. ५,०००।०० उपलब्ध गराउन भएको संझौता ।

ख. इलाम नगरपालिकाको आर्थिक व्यवस्थापन ऐन, २०७५ मा प्रदूषण नियन्त्रण शुल्क वापत स्थानीय इन्धन विक्रेताहरुबाट प्रतिलिटर रु.१।०० विक्रिका समयमा नै संकलन गर्ने व्यवस्था भएकोमा व्यवसायीहरुको सजिले अप्ठेरो समेतका आधारमा निम्नानुसार गर्न मिति २०७५।०३।३१ गतेका दिन भएको समझदारी,

१. उक्त दर रु. ००।५० मात्र कायम गरी २०७५।०४।१५ देखि मात्र कार्यान्वयन गर्ने,

२. विक्रेताहरुको छपाइ भइसकेको विल प्रमाणका आधारमा विल विस्थापन खर्च नगरकार्यपालिकाले व्यहोर्ने,

३. नगरपालिकाबाहिरबाट ठूलो परिमाणमा ड्रममा इन्धन खरिद गरेको भएमा खरिद गरेको पम्पबाट उल्लिखितानुसारको शुल्क तिरेको विजक नभए कार्यालयबाट अनुगमन गरी प्रति लिटर साविक रु. १।०० प्रदूषण नियन्त्रण शुल्क लिने व्यवस्था गर्ने ।

**<u>निर्णय नं. ७.</u>** इलाम नगरपालिकाको तेश्रो नगर सभाबाट शिक्षा ऐन, २०७५ स्वीकृत भइसकेको सन्दर्भमा इलाम नगरपालिकाको शिक्षा नियमावली, २०७४ मा सामयिक परिमार्जन गर्न नगर शिक्षा समितिले परामर्श समिति गठन गरेको समेतलाई समेटी यस बैठकमा पेश भएको मस्यौदाका सम्बन्धमा आगामी बैठकमा सदस्यहरुले

उचित परामर्श लिखितरुपमा उपलब्ध गराउन र सो समेतका आधारमा शिक्षा नियमावली, २०७४ को सामयिकीकरणका लागि संशोधन गर्न सैद्धान्तिक सहमति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** इलाम नगरपालिका वडा नं. ११ को वडाध्यक्षज्यूको लिखित जानकारीअनुसार सो वडामा निर्वाचित वडा समिति सदस्य श्री ख्यामकुमारी खाती २०७५ जेठ महिनादेखि वैदेशिक रोजगारीको सन्दर्भमा कार्यस्थानमा नरहेको व्यहोरा बैठकमा जानकारी भयो ।

**निर्णय नं. ९.** आ. व. २०७४।०७५ मा इलाम नगरपालिका क्षेत्रमा सडक बोर्ड नेपालसँगको सहकार्यमा भएको सडक मर्मत कार्य अपेक्षाकृत सन्तुष्टिप्राप्त हुने तवरले नभएको हुँदा आयन्दा यस खालका आयोजना सञ्चालन गर्दा विशेष ध्यान दिन कार्यालयलाई निर्देशन दिन निर्णय गरियो ।

**निर्णय नं. १०.** इलाम नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुबाट वातावरण संरक्षण र प्रबर्द्धन हुने गरी फोहरमैला व्यवस्थापनसम्बन्धी र सामाजिक सामञ्जस्यता विकास गर्न नैतिक शिक्षा प्रबर्द्धन हुने खालको ऐच्छिक विषयको रुपमा पठनपाठन गर्न उपयुक्त पाठ्यक्रम तयार गर्न शिक्षा शाखालाई निर्देश गर्न निर्णय गरियो ।

**निर्णय नं. ११.** इलाम नगरपालिकाका विभिन्न वडामा रहेको स्वास्थ्य व्यवस्थापन समितिको खाता सम्बन्धित वडाको वडा सचिव र सम्बन्धित वडाको स्वास्थ्य चौकी प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने र सो खाताबाट समितिको निर्णयानुसारको काममा मात्र खर्च हुन निर्णय गरियो ।

**निर्णय नं. १२.** चालु आ. व. २०७५।०७६ को बजेट वक्तव्यमार्फत् गाई पालन व्यवसायमा अनुदान कार्यक्रम घोषणा भई बजेट समेत विनियोजन भइसकेको अवस्थामा सोलाई कार्यान्वयन गर्न निम्नानुसार कार्यविधि अपनाउन निर्णय गरियो ।

**निम्न**

१. वडा नं. ७ र ११ बाहेकका वडामा मात्र कार्यक्रम सञ्चालन गर्ने,

२. प्रति वडा ६ वटाका दरले अनुदान दिने,

३. व्यावसायिकरुपमा गाई पालन गर्ने किसानलाई मात्र (समूह, सँस्था वा कम्पनीबाहेक) अनुदान दिने,

४. एक किसान परिवारलाई एउटा गाई खरिदको लागि मात्र अनुदान दिने,

५. रु. ५० हजार भन्दा बढी मूल्य पर्ने गाई खरिद गर्ने किसानलाई मात्र अनुदान दिने,

६. प्रति गाई अनुदान रकम रु. २५ हजार मात्र अनुदान दिने,

७. नगरपालिकाबाट अनुदान लिई गाई पालन गर्न चाहने किसानहरुले नगरपालिकाले सूचना प्रकाशन गरेपछि तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

८. प्राप्त निवेदनहरुमध्ये उपयुक्त किसानलाई अनुदानको लागि सम्बन्धित वडा समितिले सिफारिस गर्नेछ र नगर कार्यपालिकाले अनुदान प्राप्त गर्ने किसानको छनौट गर्नेछ ।

९. गाई खरिद गर्ने प्रक्रियामा वडाध्यक्ष स्वयम् वा वडा अध्यक्षले तोकेको सदस्यको प्रत्यक्ष अनुगमन र सुपरिवेक्षणमा खरिद भई वडा समितिले सिफारिस गरेपछि मात्र नगर कार्यपालिकाको कार्यालयबाट अनुदान उपलब्ध गराइनेछ ।

१०. अनुदानमा खरिद गरेको गाईको वीमा किसानले अनिवार्यरुपमा गराउनुपर्नेछ ।

११. गाई पालन गर्ने किसानले नियमितरुपमा पशु प्राविधिकको सुपरिवेक्षणमा गाई पालन गर्नुपर्नेछ ।

१२. गाई खरिद गरेको एक वर्षसम्म सम्बन्धित किसानले चौमासिकरुपमा वडा समितिमार्फत् प्रतिवेदन कार्यालयमा दिनुपर्नेछ । एक वर्षसम्म अनिवार्यरुपमा गाई पालन गर्नुपर्नेछ । सो नगरेमा अनुदान रकम

७ प्रतिशतले हुने व्याजसहित साँवा व्याज कार्यालयमा फिर्ता गर्नुपर्नेछ। फिर्ता नगरेमा सरकारी बाँकी सरह असुलउपरको कारवाही हुनेछ।

१३. समयसमयमा नगरपालिकाबाट अनुदान प्राप्त किसानलाई दिइने निर्देशन पालना गर्नु सम्बन्धित किसानको व्यावसायिक कर्तव्य हुनेछ।

**निर्णय नं. १३.** महालेखा परीक्षकको कार्यालयबाट इलाम नगरपालिकाको आ. व. २०७३।०७४ को अन्तिम लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनउपर २०७४ सालमा इलाम महोत्सव र नगर सभा तथा सञ्चालित कार्यक्रमको कार्यान्वयनको चापका कारण राय प्रतिक्रिया कार्यालयबाट उपलब्ध नसकिएकोले आ. व. २०७४।०७५ को अन्तिम लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयबाट खटी आउने लेखा परीक्षण टोलीबाट सम्परीक्षणलगायतका कार्य सम्पादन गर्न कार्यालयलाई निर्देशन गर्ने तथा बेरुजू सून्य कार्यालय बनाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४.** इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयअन्तर्गत ९ नं. वडा कार्यालयमा वडा सचिव पदमा कार्यरत सहायकस्तर चौथो तहका श्री पदमबहादुर थापालाई आ. व. २०७४।०७५ मा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी घोषणा गरी निजलाई प्रोत्साहनस्वरुप एक महिनाको सुरु तलव स्केल बराबर रकम विशेष प्रोत्साहन पुरस्कार रकम दिने र कार्यालयमा निजको फोटो सबैले देख्ने गरी १ वर्षसम्म राख्ने निर्णय गरियो।

**निर्णय नं. १५.** इलाम नगरपालिकाको भगिनी नगर धरान उपमहानगरपालिकाका प्रमुख श्री तारा सुव्वाज्यूको २०७५ साल साउन १ गतेका दिन असामयिक तथा दुःखद् निधन भएकोमा स्वर्गीय सुव्वाको आत्मप्रति चीर शान्तिको कामना गर्दै श्रद्धाञ्जलि अर्पण गर्ने तथा स्वर्गीय सुव्वाको परिवार, धरान उपमहानगरपालिका कार्यालय परिवार र सम्पूर्ण धरानेली जनताहरुमा परेको अपूरणीय क्षतिमा दुःख प्रकट गर्दै शोकसन्तप्त सबैमा हार्दिक समवेदना प्रकट गर्ने तथा शोक मनाउने सन्दर्भमा मिति २०७५ साल साउन ६ गतेका दिन इलाम नगर कार्यपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा विदा गरिएको निर्णय समेत अनुमोदन गर्दै बैठक समापन गरियो।